म.नि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २३३ | शुक्रबार १८ चैत २०७८ | औंशी नं. सं. ११४२ चिल्लागा | 1 April, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

नेवारपानीमा बसको ठक्करबाट वृद्धको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ हेटौंडा उपमहानगरपालिका-१९ नेवारपानीस्थित पूर्व-पश्चिम लोकमार्गमा यातुबाहक बसले ठक्कर दिंदा एक जनाको मृत्यु भएको छ ।

नेवारपानीको स्कुल-चोकमा बसको ठक्करबाट पैदलयात्री स्थानीय ७३ वर्षीय मानबहादुर ढकालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मोरङ उर्लाबारीबाट काठमाडौंतर्फ जांदै गरेको बागमती प्रदेश ०३-००१ ख १३६५ नम्बरको बसले बिहीबार विहान ढकाललाई ठक्कर दिएको थियो ।

उनी बसको ठक्करबाट गम्भीर घाइते भएका थिए । उपचारको क्रममा हेटौंडा अस्पताल ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । बस चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मकवानपुरमा अघोषित लोडसेडिङ

उद्योगको आधा उत्पादन घट्यो

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ पछिल्लो एक साता यता देशभरिमा जस्तै हेटौंडा औद्योगिक क्षेत्रमा पनि अघोषितरुपमा लोडसेडिङ भइरहेको छ । लोडसेडिङका कारण उद्योग सञ्चालन गर्न नपाउँदा उद्योगहरुको उत्पादनमा आधा गिरावट आएको बताइएको छ ।

दिनहुँ विद्युत् कटौती हुँदा नेपालकै सबैभन्दा धेरै क्षेत्रफलमा फैलिएको हेटौंडा औद्योगिक क्षेत्रमा रहेका उद्योग सञ्चालनमा समस्या आएको छ । पूर्वजानकारी विना दैनिक नौ देखि १४ घण्टासम्म विद्युत् कटौती हुन थालेपछि उद्योग सञ्लचानमा नै समस्या सिर्जना भएको हो ।

विशेषगरी रातको समयमा हुने लोडसेडिङले औद्योगिक क्षेत्रका उद्योगहरुको उत्पादन ५० प्रतिशतमा झरेको छ । कोरोना महामारीमा थलिएर बल्लबल्ल उठेको उद्योगहरुलाई लोडसेडिङले विस्थापित नै हुने अवस्थामा पुऱ्याएको उद्योगीहरुको गुनासो छ । हेटौंडा औद्योगिक क्षेत्रमा एकसय १० वटा उद्योगहरु सञ्चालित छन् । तीमध्ये करिब ६० प्रतिशत उद्योगहरु रातिको समयमा सञ्चालन हुने गरेको हेटौंडा औद्योगिक क्षेत्रका प्रबन्धक राजेन्द्र कँडेलले जानकारी दिए ।

गएको शनिबारदेखि लगातार विद्युत् प्राधिकरणले रातिको समयमा नौदेखि १४ घण्टासम्म विद्युत् कटौती गर्दा उद्योगहरुको उत्पादन ५० प्रशितले घटेको उनले बताए । प्रबन्धक कँडेलका अनुसार मंगलबार हेटौंडाको उद्योगहरुमा १४ घण्टासम्म लगातार विद्युत् कटैती गरिएको थियो ।

'विशेषगरी रातिको समयमा लोडसेडिङ हुने गरेकोले राति सञ्चालन हुने उद्योगहरु मारमा परेका छन् । राति चल्ने साना उद्योगहरु त सञ्चालन नै हुन सकेका छैनन्', उनले भने ।

रातिको समयमा दुग्ध र दानालगायतका खाद्यान्न उद्योगहरु सञ्चालन हुने गरेका छन् । लोडसेडिङ हुन थालेसँगै यी उद्योगहरु सञ्चालनमा समस्या सिर्जना भएको उनको भनाइ छ । उनका अनुसार केहि ठूला उद्योगहरुले डिजेलमार्फत् उद्योग चलाइरहेको भएपनि यसको लागत महंगो हुने भएकाले साना उद्योग सञ्चालन हुन सकेका छैनन् ।

उद्योगहरु उत्पादनको मुख्य सिजन नै चैतदेखि सुरु हुने भएकाले थप समस्या भएको उनको भनाइ छ । उनले विद्युत् कटैतीले सरकारी प्रयोगशाला सञ्चालन नै धरासायी अवस्थामा पुगेको बताए ।

'नेपाल सरकारले सञ्चालन गरेको खाद्य प्रविधि तथा गुणस्तर प्रयोगशालालाई निरन्तर बत्ती चाहिन्छ । तर, बत्ती कटौती हुँदा यस्ता सरकारी प्रयोगशाला तथा कार्यालय नै सञ्चालनमा समस्या भएको छ', उनले भने ।

कँडेलले लाइन काट्नुअघि प्राधिकरणले खबर नगर्दा उद्योगहरु अन्यौलमा परेको बताए । एक हप्तामा नै लोडसेडिङले हेटौंडाको औद्योगिक क्षेत्रमा ठूलो क्षति पुऱ्याएको अनुमान गरिएको भएपनि हालसम्म यकिन तथ्यांक भने आइनसकेको उनले बताए । उनले उद्योगहरुको उत्पादनमा कमी आउनासाथ त्यसको असर सरकारको राजश्वमा समेत प्रत्यक्षरुपमा पर्ने बताए ।

लोडसेडिङले गर्दा उद्योग सञ्चालन गर्न समस्या भएको उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेलले बताए । दैनिक नौदेखि १४ घण्टासम्म लोडसेडिङ हुँदा हेटौंडाका कतिपय उद्योगहरु बन्द नै गर्नुपर्ने अवस्थामा पुग्न लागेको उनको भनाइ छ । '१४ घण्टासम्म लोडसेडिङ भएपछि १०/१२ घण्टा उद्योग चलाएर हामी खर्च धान्न सक्दैनौं ।

यस्तै भइराख्यो भने कर्मचारी कटौती गर्नुपर्ने हुन्छ', उनले भने । प्याकुरेलले उत्पादन घटिरहेको अवस्थामा उद्योगहरुले अहिलेको खर्चलाई धान्न नसक्ने हुँदा कर्मचारी खर्च कटौती गर्न केहि कर्मचारीलाई समेत हटाउनुपर्ने बाध्यात्मक अवस्था आउने उनले बताए । उनका अनुसार हाल हेटौंडा औद्योगिक क्षेत्रमा माथै ५५ सय र मकवानपुर भरिका उद्योगमा करिब ११ हजारले रोजगारी पाएका छन् ।

यसअघि कोरोना महामारीमा पनि खर्च धान्न नसक्ने भएपछि उद्योगहरुले कर्मचारी घटाउँदा धेरैको रोजगारी गुमेको थियो । फेरि लोडसेडिङले त्यहिं अवस्था दोहोऱ्याउने भएको छ ।

कोरोना महामारीबाट थलिएका उद्योगहरू तंग्रिने कोशिस गर्दै गर्दा समस्यामाथि समस्या थपिएको उनले बताए । महंगो डिजेल र जेनेरेटर किनेर उद्योग सञ्चालन गर्नसक्ने अवस्थामा उद्योगहरु नरहेको उनको भनाइ छ ।

प्याकुरेलले नेपालको बलियो अर्थतन्त्रको रुपमा रहेको उद्योगप्रति सरकार जवाफदेही नभएको आरोप लगाए । उनले अन्य क्षेत्रको विद्युत् कटौती नगरी उद्योगको मात्रै विद्युत् कटौती गर्ने नीति प्राधिकरणले लिएको बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

आफ्नो पार्टीलाई साथ दिन कमल थापाको अपिल

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को अध्यक्षमा पराजित भएपछि पुरानै राप्रपा नेपाललाई ब्यूँताएका कमल थापाले आफूलाई साथ दिन मकवानपुर बासीलाई अपिल गरेका छन् ।

हेटौंडामा बिहीवार राप्रपा नेपाल मकवानपुरको घोषणासभालाई सम्बोधन गर्दै थापाले आफ्नो पार्टीलाई साथ दिन अपिल गरेका हुन् । आफ्नो गृह जिल्ला भएपनि २०७४ को प्रतिनिधिसभा निर्वाचनमा क्षेत्र नम्बर १ बाट पराजित थापाले चुनाव केन्द्रित गतिविधि अगाडि बढाएका हुन् ।

आमनिर्वाचनमा शक्ति क्षयीकरणको चपेटामा रहेका थापाले आफूलाई अप्ठेरो बेलामा साथ दिएको मकवानपुरले पुनः साथ दिनेमा विश्वस्त रहेको बताएका छन् । आफूले कुनै कमजोरी काम नगरेको दाबी गर्दै थापाले आफ्नो माग पुरा नभएपछि पार्टी छोड्न बाध्य भएको बताएका थिए ।

उनले आफूले राजा नच्छोडेको र राजाले आफूहरुलाई छोडेको थापाको भनाइ छ । उनले राप्रपा मकवानपुरमा रहेकाहरुलाई पनि आफ्नो पार्टीमा आउन अनुनयविनय गरे । राप्रपा मकवानपुरको अध्यक्ष, उपाध्यक्षसहित जिल्ला सदस्य, क्षेत्रीय अध्यक्षहरु, पालिकास्तरीय कमिटीका अध्यक्ष र जनवर्गीय संगठनका अध्यक्षसहित सदस्यहरु पार्टी परित्याग गर्दै थापाको पार्टीमा समाहित भएका थिए ।

तत्कालीन राप्रपा जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटालाई नेतृत्व प्रदान गर्दै थापाले मकवानपुरमा पार्टी कमिटी विस्तार गर्ने योजना अघि सारेका छन् ।

बिहीवार हेटौंडामा आयोजित घोषणासभामा सापकोटाले अध्यक्षको नेतृत्व सम्हालेका हुन् । राप्रपा नेपालका अध्यक्ष थापाले सर्वसम्मत चयन भएका सापकोटालाई पार्टीको माईन्यूट र झण्डा हस्तान्त्रण गरेका थिए । हाल अध्यक्षमा सापकोटा चुनिए पनि बाँकी पदाधिकारी र सदस्यहरु पछि चयन गरिने राप्रपा नेपालका युवा नेता भृगु कार्कीले बताए ।

राप्रपा नेपालको केन्द्रीय सदस्यमा मकवानपुरबाट बालकृष्ण कार्की र अम्बिका खतिवडा बिहीवार चयन भएका छन् ।

अध्यक्ष थापाले कार्की र खतिवडालाई घोषणासभाको अवसरमा केन्द्रीय सदस्यको जिम्मेवारी पत्र प्रदान गरेका थिए । कार्की र खतिवडा पनि केही दिनअघि मात्रै राप्रपा परित्याग गर्दै राप्रपा नेपालमा समाहित भएका थिए ।

कारागारमा स्वास्थ्य सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ भीमफेदी कारागारमा सामुदायिक सेवा केन्द्र मकवानपुर, सामुदायिक प्रहरी सेवा केन्द्र पशुपतिनगर र सेवाको लागि युवा मकवानपुरले स्वास्थ्य सामग्री सहयोग गरेका हुन् ।

कारागारलाई अक्सिजन सिलिण्डर, ग्लोभ्स, मास्क, सेनिटाइजर र एक हजार लिटर क्षमताको पानी ट्याङ्की उपलब्ध गराइएकोहो । सेवाको लागि युवाका टिम लिडर विवश सुवेदीको अध्यक्षता तथा सामुदायिक सेवा केन्द्र मकवानपुरका अध्यक्ष राम बिष्टको प्रमुख आतिथ्यतामा कारागारमा जेलर मदन लामा थिङलाई सहयोग सामग्री हस्तान्तरण गरिएको हो । कारागारमा रहेका कैदीबन्दीहरु समुदायकै नागरिक भएकाले सबै क्षेत्रको सहयोग आवश्यक रहेको बिष्टले औंल्याएका छन् ।

कारागार प्रमुख थिङले कैदी जीवन बिताइरहेकाको राज्यले केही अधिकार खोसे पनि उनीहरुका मानवअधिकार कायम रहेको जनाए । सहयोग हस्तान्तरण कार्यक्रममा नेपाली सेनाका सहसेनानी सुरज बस्नेत, ईलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक सुरेन्द्र श्रेष्ठ, सामुदायिक प्रहरी सेवा केन्द्र पशुपतिनगरका निर्वतमान अध्यक्ष कुमार पौडेललगायतको सहभागिता थियो ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA
e-SCOOTERS



Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुदने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

थाहा नगरपालिकाले 'थाहा दर्शन' पढाउने

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ मकवानपुरको थाहा नगरपालिकाले रुपचन्द्र बिष्टको 'थाहा दर्शन'लाई स्थानीय पाठ्यक्रमको रुपमा लागू गर्ने भएको छ ।

नगरपालिकाले आगामी शैक्षिक सत्रदेखि पालिकाको सबै विद्यालयमा 'थाहा दर्शन'लाई स्थानीय पाठ्यक्रमको रुपमा पढाउने भएको हो । नगरपालिकाले २०७९ सालको शैक्षित्र सत्रबाट नै लागू गर्नको लागि स्थानीय विषयवस्तुलाई समेटेर 'थाहा ज्ञानमाला' तयारसमेत पारिसकेको छ ।

जेठबाट सुरु हुने भनिएको नयाँ शैक्षिक सत्रको पाठ्यक्रममा समावेश गर्न तयार पारिएको 'थाहा ज्ञानमाला' छाप्ने तयारीमा रहेको थाहा नगरपालिकाको मेयर लवशेर बिष्टले जानकारी दिए । उनले रुपचन्द्रको 'थाहा दर्शन' र स्थानीय विषयवस्तुलाई समेटेर बनाइएको 'थाहा ज्ञानमाला' छाप्नको लागि नगरपालिकाले टेण्डर आह्वान गरि सकेको जानकारी दिए ।

उनका अनुसार उक्त पाठ्यक्रम नगरपालिकाले दुई चरण गरी लागू गर्नेछ । नगरपालिकाले पहिलो चरणमा पालिकाभित्रका सबै विद्यालयको १ देखि ५ कक्षासम्म 'थाहा ज्ञानमाला'को पठनपाठन सुरु गर्ने तयारी गरेको छ भने दोस्रो चरणमा ६ देखि ८ कक्षासम्म पाठ्यक्रम लागू गर्ने जनाइएको छ ।

रुपचन्द्र बिष्ट र उनको दर्शनलाई जीवन्त बनाउन तथा संरक्षणका लागि पाठ्यक्रम तयार पारिएको मेयर बिष्टको भनाइ छ । विभिन्न समयमा गोष्ठी र छलफलपछि रुपचन्द्र बिष्टको 'थाहा दर्शन'लाई पाठ्यपुस्तकमा समावेश गर्न सफल भएको उनले बताए । रुपचन्द्र बिष्टको 'थाहा अभियान' पढाएपछि विद्यार्थीहरुमा व्यावहारिक ज्ञान, लगनशिलता र इमान्दारिता बृद्धि हुने विश्वासले पाठ्यक्रम तयार पारिएको उनले बताए ।

'रुपचन्द्र बिष्ट आफै पनि सिकेका कुरा व्यवहारमा उतार्न र जे सिक्ने हो त्यसैमा मात्र लाग्न प्रेरित गर्ने स्वभावका रहेकाले हामीले ती साना भाइबहिनीहरुमा पनि पाठ्यक्रमबाट त्यस्तै व्यवहारिकता र लगनशिलता बृद्धि हुने विश्वास गरेका छौं', बिष्टले भने ।

उनका अनुसार कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तकमा दार्शनिक रुपचन्द्र बिष्ट र थाहा अभियानबारे सामान्य जानकारीमात्र समावेश गरिएको छ । ती कक्षाका बालबालिकाका लागि आवश्यक र बुझ्न सक्ने प्रकृतिको पाठ्य सामग्रीहरु समावेश गरिएको छ । रुपचन्द्र बिष्टको उपनाम र विशेषताका बारेमा मात्र साना कक्षाका बालबालिकालाई पढाउने योजनाअनुसार सामान्य जानकारी पुस्तकमा समावेश गरिएको हो ।

त्यस्तै, ती कक्षाका विद्यार्थीले रुपचन्द्र बिष्टका समाज सुधारका सूचकका बारेमा पनि पुस्तकबाट सिक्न सक्नेछन् । शिक्षामा विपन्न बालबालिकाको पहुँच पुऱ्याउन रुपचन्द्र बिष्टले गरेका योगदान, समाज सुधारका लागि आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रका योगदानबारे पुस्तकमा समावेश गरिएको छ । पुस्तकामा थाहानगर पालिकाको नामकरणबारे जानकारी समावेश गरिएकोछ । थाहा नगरपालिका क्षेत्रको भौगोलिक अवस्था, खोला, नाला, बोटबिरुवा र हावापानीको विषय पनि पुस्तकमा समावेश गरिएको मेयर बिष्टले बताए ।

साझाकुरा

हाम्रो कुरा

रक्तदान-जीवनदान, महादान अभियानमा लागौं

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्व-इच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने विकल्प रक्तदान नै हो । नेपालमा २००० सालदेखि रक्तदान कार्यको सुरुवात भएको इतिहास छ । समाजेवी दयावीरसिंह कंसाकार नेपालका पहिलो रक्तदाता हुन् । नेपालमा बर्सेनि करिब तीनलाख युनिट रगत चाहिन्छ तर, जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । बाढी, पहिरो र भूकम्पको समस्या तथा अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अप्रेसन पनि पहिलेको तुलनामा बढेकाले रगतको माग आकाशिएको पाइन्छ ।

विज्ञानले धेरै प्रगति गरेता पनि कृत्रिम तरिकाले रगत बनाउने सूत्र फेला पारेका छैनन् । ब्लड बैंकहरुले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरुले पनि रक्तदान नगर्ने प्रवृतिले गर्दा देशमा रगतको चरम संकट परेको छ । रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबडीसँगै कार्वनडाइअक्साइड, युरियाजस्ता विकार ओसार-पोसार गर्छ । रगतको रातो रक्तकणले अक्सिजन तथा कार्वनडाइअक्साइड यताउति गर्न, श्वेत रक्तकणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने काम गर्छ ।

'रक्तदान जीवनदान, रक्तदान महादान' यी स्लोगन हामीले बारम्बार सुन्ने गरेका छौं । रक्तदानका लागि प्रेरित गर्न यी वाक्यांशले धेरै भूमिका पनि खेलेका होलान् । तर, रक्तदान गर्नु अघि केही कुरामा ध्यान पुऱ्याउनुपर्छ । स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तिमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेय तथा एचआईभी एड्स नलागेका व्यक्ति रक्तदान गर्न सक्षम हुन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन ।

अधिक रक्तश्रावका बिरामी, प्रसुति, मुटु-मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ । थालासेमिया, ल्यूकेमियालगायतको रक्त क्यान्सर, हेमोफिलिया लगायतको रक्त क्यान्सर, हेमोफिलिया र रक्त अल्पताजस्ता समस्यामा तारन्तार रगत चाहिरहन्छ । यस्तोमा हामो एक सहयोगले यस्ता कयौं मानिसको अमूल्य जीवन बच्छ । कतिपयले रक्तदान गर्दा कमजोर भइन्छ भन्ने ठान्छन् तर, वास्तविकता के हो भने पुरुषको शरीरलाई प्रतिकेजी ७६ एमएल र महिलाको शीररमा प्रतिकेजी ६६ एमएल र गत हुन्छ । तर, शरीर सञ्चालनका लागि चाहिने आवश्यक रगत ५० एमएल मात्रै हो । त्यसकारण पुरुष र महिलाको शरीरमा प्रतिकेजी क्रमश २६ र १६ एमएलका दरले रगत बढी हुन्छ । यही बढी भएको रगतमात्रै दान गर्ने हो । शरीरमा बढी भएको रगत दान गर्दा आफूलाई हानि नगर्ने र अर्कोको ज्यान बचाउन सकिने हुँदा यो अभियानमा सबैजना लाग्नु पर्दछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मक्वानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५४९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत १९ गते शनिबार २ अप्रिल २०२२ । चैत शुक्ल प्रतिपदा । चौल्लाथ्व पारु ११४२ । सूर्योदय ५:५३ र सूर्यास्त ६:२१ मा हुनेछ । तेल लगाउने र नीमको पात खाने दिन ।

आजको राशिफल

मेष	: आत्मविश्वास बढ्नेछ	तुला	: सन्तानबाट सन्तोष मिल्नेछ
वृष	: आफन्तको सहयोग मिल्नेछ	वृश्चिक	: विवाद पर्न सक्नेछ
मिथुन	: मान, प्रतिष्ठा बढ्नेछ	धनु	: दाम्पत्य सुख मिल्नेछ
कर्कट	: कार्यमा सफलता मिल्नेछ	मकर	: रमाइलो यात्रा हुनेछ
सिंह	: सहमतिका कार्यहरु हुनेछन्	कुम्भ	: धन कमाउने योग परेको छ
कन्या	: नयाँ कार्य सम्पन्न हुनेछ	मीन	: पश्चात्ताप लाग्नेछ

युक्रेन युद्ध र साना मुलुकलाई पाठ

विकास संग्रौला

युक्रेनलाई रूससँगको युद्धमा खुलेर सहयोग गरेको मुलुक पोल्यान्डको राजधानी वारसवमा बोल्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले आगामी 'वर्षौं र दशकौं' युक्रेनको पक्षमा उभिन विश्व समुदायलाई आग्रह गरे । त्यसको भोलिपल्ट १३ चैतमा आणविक बमबारी भोगेको मुलुक जापानका प्रधानमन्त्री फुमिओ किशिदाले राजधानी टोक्योमा बोल्दै रूस र युक्रेनबीच जारी युद्धलाई दोस्रो विश्वयुद्ध पछिको 'गेटेस्ट क्राइसिस' भने ।

यी दुई भनाइ 'वर्षौं र दशकौं' अनि 'गेटेस्ट क्राइसिस' को गठजोड शुभ हुन्छ भन्ने तर्क गर्न गाह्रै पर्ला । बाघले झम्टिनै लाग्दा पनि खाँदैन कि भनी बस्ने बेलायती पूर्व प्रधानमन्त्री नेभिल चेम्बरलैनले लिएको जस्तो सकारात्मक सोचसँग ठ्याक्कै मेल खाने, अंग्रेजीमा 'पोजेटिभ थिन्किङ' भनिने 'अति उत्तरआधुनिक धर्म' कति खतरनाक हुन्छ भन्ने दोस्रो विश्वयुद्ध ताका नै स्पष्ट भएको थियो । त्यसैले यो लेख त्यसखाले सोच लिनैपर्ने आग्रह बोक्ने पाठकका लागि अनुपयुक्त हुन सक्छ ।

'वर्षौं र दशकौं' वनि 'गेटेस्ट क्राइसिस'

अमेरिकी राष्ट्रपति बाइडेनका धेरै आनीबानीमध्ये बढी बोल्ने बानी पनि एक हो । पोल्यान्डको त्यही समारोहमा 'त्यो मान्छे सत्तामा रहन सक्दैन' भनी रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई लक्षित उनको अभिव्यक्ति त्यही धेरै बोल्ने बानीको उपज थियो । जसको हवाइट हाउसले सफाइ दिनुपऱ्यो । किनकि, बाइडेनको भनाइको अर्थ यो लाग्यो कि 'अब अमेरिका पुटिनलाई सत्ताच्युत गर्नेतर्फ लाग्छ ।'

डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित हुँदा पुटिनले मस्कोबाटै अमेरिकी चुनावै हयाक गर्न सक्छन् र गरेका हुन् भन्ने निर्क्योलमा अमेरिका पुगेको थियो । त्यसैले हवाइट हाउसले तत्काल स्पष्टीकरण दिनुको सोझो अर्थ हो- बाइडेनले नसक्ने कुरा बोले । स्मरणीय छ, पुटिन सन् १९९९ देखि लगातार सत्तामा छन् । कहिले प्रधानमन्त्री त कहिले राष्ट्रपति भइरहेका छन् । यो २३ वर्षमा अमेरिकाले थुप्रै देशमा सरकार ढाल्ने र पाल्ने काम गरेको छ । भर्खरकै कुरा हो, अफगानिस्तान सरकार । अमेरिकाले सघाएको राष्ट्रपति अश्रफ घानी सरकार एक हप्ता पनि टिकेन । तालिवानलाई सरकार सुम्पेर अमेरिका गएको छर्लङ्ग छ ।

अर्कोतिर, जापानी प्रधानमन्त्री किशिदा भने बाइडेन जस्ता बोलक्कड ठ्रैनन् । आणविक विध्वंसले पुस्तौं पिरेको मुलुकका बासिन्दा उनलाई युद्धको पीडा थाहा छ । १२ चैतमा ११ सय किलोमिटर टाढा विध्वंस मच्चाउने न्याकत भएको ह्वसोङ-१७ को सफल परीक्षण गरेको

उत्तर कोरिया जस्तो छिमेकीले घरीघरी धम्की सुनिराख्ने जापानी युद्धको गाम्भीर्य छिटो बुझ्छन् । कसैलाई आक्रमण नगर्ने तर कसैले आक्रमण गरे नछोड्ने सन् १९४७ देखिको नीतिमा अडिग जापानको युद्धलाई देर्ने दृष्टि यथार्थको नजिक देखिन्छ । हिरोसिमा र नागासाकीको त्रासद इतिहासले कुनै समयका असाध्यै शूरा जापानीलाई मृठभेड मन नपराउने बनाइदियो । युद्धको सबैभन्दा विध्वंसक रूप आणविक आक्रमण भोगेको जापानले अहिंसाको बाटो रोज्यो । त्यसैले जापानी युद्धका संकेत छिटो बुझ्छन् र तुरुन्तै प्रतिरक्षाका निम्ति गर्न सक्ने तयारीमा जुट्छन् । १५ चैतमा नै जापानले साइबर युद्ध लड्ने दस्ता घोषणा गऱ्यो ।

कसरी तुलना गर्ने ? सन् २००८ को आर्थिक मन्दीलाई सन् १९२९ देखि एक दशक चलेको मन्दीसँग तुलना गरियो । त्यस वेला अभाव कहिल्यै नदेखेकाहरू समेत बालबालिकालाई पाउरोटीको जोहो गर्न दैनिक ज्यालादारीमा मजदूरी खोज्दै हिंड्नुपरेका र नपाएका कथाहरू अहिले पनि सजिलै सुन्न, हेर्न र पढ्न पाइन्छन् । त्यस्तै, अहिले अर्थात् सन् २०१९ को अन्त्यबाट शुरू भएर सन् २०२२ मार्चको अन्त्यसम्म जारी र सकिने संकेत नदेखिएको आर्थिक मन्दीलाई केसँग तुलना गर्ने भन्ने विषयमा अर्थशास्त्री छलफलमै छन् । जसरी जारी कोभिड-१९ को महामारी सन् १३४६, १५२० र १९१८ मा फैलिएका व्याधिमध्ये कुनसँग तुलनीय हो भन्ने कुरा चिकित्सा विज्ञानका दिग्गजहरू छलफलमै छन् । जापानी प्रधानमन्त्री किशिदा छलफल गरिरहेका थिएनन् ।

उनको भनाइ स्पष्ट छ- हामी तेस्रो विश्वयुद्धको सन्निकट छौं । दोस्रो विश्वयुद्धमा नराम्ररी पराजित भएपछि आफैंलाई आणविक बमले क्षतविक्षत बनाएको र जनरल डगलस मकआर्थर मार्फत युद्धका विजयीहरूको सात साल शासन खपेको, अनि अमेरिकाकै विश्वास जितेर सम्पन्न र विकसित बनेको मुलुकका प्रधानमन्त्रीले बाघ देखेपछि च्याम्बरलैन पारा ठीक हुँदैन भन्ने नबुझ्ने कुरै भएन । अहिले उदार विश्व समुदायको नेतृत्वकर्ता अमेरिकाको सामर्थ्य माथि उसका असाध्यै नजिकका मित्रले सन्देह गरेको निकै भयो । भारतले त पोहोर साल नै रूससँग हुने व्यापारमा अमेरिकी डलरको प्रचलन खारेज गरिसकेको छ । अहिले चीनसँग व्यापार सम्बन्ध बढाइरहेको छ । यस्तो वेला अमेरिकाको आजको विश्व हैसियत आकलनमा युक्रेनका युवा राष्ट्रपति भोलोदिमिर जेलेन्स्की चुकेको विश्लेषण हुन थालेको छ ।

कर्कौं अफगानिस्तानको निर्माण

युक्रेनका राष्ट्रपति जेलेन्स्कीको साहस र देश नछोड्ने अडान प्रशंसनीय छ । तर, उनको राजनीतिक सुजबुझ नभएकाले नै मान्नुपर्छ, युक्रेनले दुःख पायो । युक्रेनले नेटो अर्थात अमेरिकातिर ढल्किंदा भूराजनीतिक सन्तुलन कायम राख्न सकेन । संयुक्त राष्ट्रसंघको तथ्यांक अनुसार, रूसी आक्रमणबाट गत एक महीनामा ६५ लाख नागरिक आन्तरिक विस्थापनमा परेका छन् । त्यस्तै, ३७ लाख शरणार्थी बनेका छन् । जसमध्ये २० लाख त छिमेकी पोल्यान्डमै प्रवेश गरेका छन् । युद्धको घाउ-पीडा बुझेको पोल्यान्डले छिमेकीको दुःखमा साथ दियो । विश्व परिवेश यस्तो छ कि अफगानिस्तान र म्यानमारमा गत साल भएका अकल्पनीय जस्ता परिवर्तन अनि त्यसपछि जारी अत्याचारको समाचारलाई रूस-युक्रेन युद्धले पुरै ओझेलमा पारेको छ । म्यानमारमा सफलता प्राप्त गरेको रूस-चीन युक्रेनमा रोकिने छाँट देखिँदैनन् । रूसको युक्रेन आक्रमणले उतै व्यस्त अमेरिकी निगरानीबाट मुक्त चीनको दृष्टि ताइवानमा अडेको देखिन्छ । कुन वेला हस्तक्षेप गर्छ भन्ने सकिन्न । त्यसैले, कालान्तरमा रूस र चीनले जे जे गर्छन्, हेरी बस्ने कि भिड्ने बाहेक अमेरिकासँग तेस्रो विकल्प के रहला र ?

रूसदेखि नेपालको सन्दर्भ

दोस्रो विश्वयुद्धपछि दुई ध्रुवीय विश्व व्यवस्थालाई लामो यत्नपछि सन् १९८९ मा सोभियत संघ ढालेर एकल ध्रुवीय बनाउन सफल अमेरिकासँग ३३ वर्ष थियो रूसलाई मित्र बनाउन । कला, संस्कृति, इतिहास र प्राकृतिक स्रोतले धनी रूसले लेनिनवाद र स्टालिनवादको दुष्प्रभावले समयसँगै ओज गुमाएको थियो । सन् १९८९ पछि कदरको खोजीमा छटपटाएको रूसलाई अमेरिकाले अनादर गर्दै आएको थियो । अझ हलिउड मार्फत रूसलाई खलनायककै भूमिकामा प्रस्तुत गर्न थालियो ।

पछिल्लो समय चीनलाई त्यस्तै व्यवहार गरिरहेको अमेरिकाले रूस आर्थिक र सामरिक रूपमा भित्रीभित्रै मजबूत भएको हेक्का राखेन । अझ चीनको रफ्तारलाई गम्भीरतापूर्वक लिएन । यस्तो वेला नेपालले अमेरिकी सहयोग परियोजना एमसीसीलाई संसद्बाट अनुमोदन गरेको छ । यसमा लिने र दिने मात्रै होइन, साझी बसेका छिमेकी पनि बेखुश छन् । चिनियाँ विदेश मन्त्री वाङ यीसँग 'एन्वो शेक' गरेर प्रधानमन्त्री शेरबहादुर देउवाले त्यो बेखुशी हटाएकी कि हटाएनन् ?

एमीसीली आफैंमा खराब नभए पनि जुन माहोलमा अनुमोदन भयो, त्यो दुर्भाग्यपूर्ण भयो । त्यसको रकम भित्रीनुभन्दा पहिले नै ब्यांकहरूमा तरलता अभाव छ । सुधार नभए देशको अर्थतन्त्र केही महीनामै सिटामोल किन्न नसक्ने अवस्थामा पुग्ने अर्थविदहरूले चेतावनी दिन थालिसकेका छन् । त्यसैले, आर्थिक, सामरिक वा अन्य जुनसुकै रूपमा बाघ आउँदै गरेको बुझेपछि च्याम्बरलैन पथ लिने कि चर्चिल पथ लिने निर्क्योल गर्न जरुरी भइसकेको छ । तर, अहिलेसम्मको अनुभवले भन्छ- सत्तामा 'पोजेटिभ थिन्किङ' हावी छ । *-साभार: हिमालखबर*

अर्थतन्त्रको जर्जर अवस्था र सुधारको बाटो



रिसव गौतम

अत्यधिक व्यापारघाटा, रेमिट्यान्सको आप्रवाहमा कमी, अधिक तरलता संकट र वैदेशिक मुद्रा सञ्चितिको चिन्ताजनक अवस्थाले अर्थतन्त्रको जर्जर अवस्थालाई प्रकट गरेको छ । गत दसैं-तिहारलगायतको चाडबाड सकिएसँगै अर्थतन्त्र धुमिल हुन थालेको अहिलेसम्म सुधार हुन सकेको छैन ।

बरु भनै जर्जर बन्दै गएको पछिल्ला तथ्यांकहरूले देखाइरहेको छ । अर्थतन्त्रमा संकट चुलिँदै गर्दा नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत वस्तु आयातमा अनेक कडाइका प्रावधान ल्याएर ट्रयाकमा ल्याउने प्रयास नगरेको होइन । तर, राष्ट्र बैंक र अर्थमन्त्रालयको कतिपय वस्तु आयातमा कडाइले समेत काम गर्न सकेको देखिँदैन । बरु अर्थतन्त्रमा झनै संकट चुलिँदै गएको देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०७८-०७९ को माघ मसान्तसम्ममा ११ खर्ब ४७ अर्ब रुपैयाँको वस्तु आयात भएको छ ।

सोही अवधिमा जम्मा १ खर्ब ३१ अर्ब रुपैयाँको वस्तु निर्यात भएको छ । व्यापार घाटा १० खर्ब १५ अर्ब नाघेको छ । चालू आर्थिक वर्षको सात महिनामै भएको यतिविघ्न व्यापारघाटाको ग्राफ बढिरहनुले अर्थतन्त्र निकै परनिर्भर बनेको र कोमामै पुग्न लागेको संकेत गर्छ । सरकारसँग माघ मसान्तसम्ममा ११ खर्ब ७३ अर्ब मात्र विदेशी मुद्राको सञ्चिति रहेको छ । चालू आर्थिक वर्षकै असार मसान्तसम्ममा त्यस्तो सञ्चिति १३ खर्ब ९९ अर्ब थियो ।

विदेशी मुद्रा सञ्चितिमा अहिले १७ प्रतिशतले गिरावट आएको हो । अहिलेको विदेशी मुद्रा सञ्चितिले ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने राष्ट्र बैंकको दाबी छ । त्यसैगरी देशमा भित्रने र देशबाट बाहिरने रकम (शोधनान्तर स्थिति) को अन्तर २ खर्ब ४७ अर्ब घाटामा रहेको राष्ट्र बैंकले जनाएको छ । रेमिट्यान्सको अप्रवाहमा भइरहेको गिरावटले निरन्तरता नै पाएको छ । गत साउनदेखि माघ मसान्तसम्म ५ खर्ब ४० अर्ब १२ करोड रेमिट्यान्स भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ ।

जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.९ प्रतिशतले कमी हो । यसरी एकातिर राष्ट्रिय उत्पादनमा वृद्धि हुन नसक्नु, परनिर्भरता बढ्नु र अर्को अर्थतन्त्र धानिरहेको मुलुकको प्रमुख आयस्रोत बनिरहेको रेमिट्यान्स नै निरन्तर घटिरहनुले गम्भीर चिन्ता बढाएको छ । अर्थतन्त्रमा संकट चुलिइरहँदा मिडियामा पनि आर्थिक चिन्तास्वरूप बहसहरू हुन थालेका छन् । मुलुकको आर्थिक अवस्थालाई सुधार्नका लागि अनेकन् उपायहरूको खोजी हुन थालेको छ । जर्जर अर्थतन्त्रप्रति सरकार चिन्तित छ, राष्ट्र बैंक चिन्तित छ, उद्यमी व्यवसायी चिन्तित छन् मिडिया चिन्तित छ तर राजनीतिक दलहरू कत्ति पनि चिन्तित छैनन् ।

उनीहरू केवल स्वार्थपूर्ण राजनीति, आरोप-प्रत्यारोप र पार्टीमुखी, कार्यकर्तामुखी मात्र भइरहेका छन् । वास्तवमा अर्थतन्त्रमा समस्या आउनु भनेको मुलुकको समग्र अक्यवहरू समस्याग्रस्त हुँदै जानु हो । सबल अर्थतन्त्रबिना सबल लोकतन्त्र, सबल कुटनीति र स्वाधीन सार्वभौमसत्तासम्पन्न मुलुक हुन गाह्रै पर्छ । पछिल्लो समय एमसीसीमा भएको दलीय माथापच्ची त्यसैको एउटा उदाहरण हो । हामी आर्थिक रूपमा सम्पन्न हुन्थ्यौं भने कसैको अनुदान लिनैपर्ने थिएन ।

त्यसपछि त अनुदानमा हुने कसैका सर्त, यो-त्यो भन्नेमा रुमलिनै पर्दैनथ्यो । तर के गर्नु ? मुलुकको राजस्व आम्दानीले चालू खर्च नै धान्न सक्ने अवस्था छैन । चालू खर्च बर्सेनि बढिरहेको छ । तर देशको राजस्व आम्दानी अधिकांशजसो आयातित सामानमा लगाइने करमा आधारित छ । कस्तोसम्म अवस्था भइसकेको छ भने सरकार ऋणपत्रहरू जारी गर्दा जनताले नपत्याउने, त्यसमा सोचेजस्तो लगानीका लागि उत्साही नहुने अवस्था देखिन थालेको छ । वार्षिक चालू खर्च र वित्तीय व्यवस्थापनकै लागि ११-१२ खर्ब लाग्ने भइसकेको छ । सरकारको राजस्व आम्दानीको कुरा गर्दा वार्षिक १० खर्ब हाराहारी उठ्ने गरेको छ ।

त्यसले गर्दा विकासका लागि दाताका अनुदान तथा ऋण सहयोगको हात नथापी नहुने बाध्यता पनि छ सरकारसँग । त्यसमाथि चरम राजनीतीकरण र उग्र राष्ट्रवादले दाताहरूलाई नै टिक्न नदिने, विदेशी लगानीको वातावरण नै धुमिल पार्ने कामहरू जिम्मेवार राजनीतिक दलहरूबाटै भइरहेका छन् । त्यस्तै कुराहरूको

फलस्वरूप पनि चालू आर्थिक वर्षको सात महिनासम्ममा वैदेशिक लगानीमा समेत सुधार आउन सकेन । सबैभन्दा सम्भावनाको नजरले हेरिएको पर्यटन क्षेत्र लगभग डामाडोल छ । पर्यटन आगमन शून्यप्राय: छ । सरकारले चालू आर्थिक वर्ष २०७८-०७९ मा ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेको हो ।

सो लक्ष्य पूरा हुने कुनै आधार र सम्भावना देखिँदैन । कोरोनाले ग्रस्त बनाएको अवधिमा धेरै लघु तथा साना उद्योग बन्द भए । नेपाल घरेलु तथा साना उद्योग महांघका अनुसार २ लाख उद्योग बन्द छन् । पर्यटन उद्योगबाट हजारौंले रोजगारी गुमाए । ती उद्योगहरू अहिले पनि पुनरुत्थान भएका छैनन् । सरकारले तिनीहरूको पुनरुत्थानका लागि ठोस प्रोत्साहन र सहयोग गरेको छैन । अनौपचारिक हिसाबले कोरोनाकै कारण १५ लाखले रोजगारी गुमाएका छन् । अनि कसरी हुन्छ ७ प्रतिशतको आर्थिक वृद्धि ? विगत तीन-चार महिनायतादेखि वित्तीय क्षेत्र अधिक तरलता संकटको मारमा छ ।

पुँजीको बागडोर सम्हालेर बसेका बैंक -वित्तीय संस्थाहरू नै पैसा अभावमा परेपछि कसरी बढ्ला लगानी ? कसरी बढ्ला उत्पादन ? कसरी बढ्ला राजगारी ? त्यसकारण यतिबेला अर्थतन्त्र एउटा मात्रै कारणले जर्जर भएको हेर्इन । अर्थतन्त्र अहिलेको सरकारले बिगारेको पनि हेर्इन । यो त विगत लामो समयदेखिका सरकारहरूले गरेका गल्तीहरूको नतिजा हो ।

विगतदेखि नै सरकारले राष्ट्रिय उत्पादन बढाउने, हरेक वस्तु तथा सेवामा आत्मनिर्भर हुने गरी योजनाहरू अघि बढाएको भए, नीति तथा कार्यक्रमहरू तय गरेको भए, त्यसको सही कार्यान्वयन गरेको भए अर्थतन्त्रमा यतिविघ्न संकट आउने थिएन । नेपाल सरकारले अब कम्तीमा पेट्रोलियम पदार्थको विकल्प दिनुपर्छ । अहिलेको व्यापारघाटा र संकटपूर्ण अर्थतन्त्रको प्रमुख कारक पेट्रोलियम पदार्थको अधिक आयात नै हो । ऊर्जामा देश आत्मनिर्भर बनिसकेको छ । त्यसकारण सरकारले ऊर्जा खपत बढाउनुपर्छ । बिजुलीमा आधारित गाडीहरूलाई प्रोत्साहन दिएर अगाडि ल्याउनुपर्छ । अधिक महँगा विलासी गाडीहरूको आयातमा प्रतिबन्ध नै लगाउनुपर्छ ।

अहिले कुल आयातित वस्तु तथा सेवामध्ये पेट्रोलियम पदार्थको आयातमा मात्रै १४ प्रतिशत खर्च हुने गरेको छ । देशले वार्षिक ३ खर्बभन्दा बढीको पेट्रोल आयात गरिरहेको छ । त्यसको विकल्पमा अघि बढ्दा र स्वदेशी वस्तु तथा सेवाको उपभोगमा सरकारले अभियान चलाउन सके मात्रै पनि अर्थतन्त्र धेरै सुदृढ हुन सक्छ । अरू नसके पनि सरकारी कर्मचारीहरूले अनिवार्य रूपमा स्वदेशी वस्तु तथा सेवाको उत्पादन गर्नैपर्ने प्रावधान ल्याए त्यसले सबैतिर प्रभाव पार्छ । स्वदेशी उत्पादनलाई माया गर्न सकिँदा मात्रै वस्तु आयात घट्छ ।

कृषिमा पछिल्लो समय बैंकहरूले पनि लगानी बढाउँदै लगेका तथ्यांक छन् । तर, उत्पादन बढ्न नसकेको अवस्थाले कृषिमा भएको भनिएको लगानी अन्यत्र खर्च भएको हो कि भन्ने आशंका छ । तर, सरकारले कृषिमा क्रमश: लगानी बढाउँदै, किसानलाई मल-बीउका लागि सहजीकरण गर्दै, कृषिमा रोजगारी बढाउँदै लैजाने नीति लिनुपर्छ ।

ृषिमा सोचमग्न ढंगले लगानी बढाउने हो भने पनि नेपालको परनिर्भरता धेरै घटेर जान्छ । त्यसकारण अर्थतन्त्रमा अहिले देखिएको जटिलतालाई सरकारले, सम्बन्धित निकायले बडो संवेदनशील रूपमा लिन जरुरी छ । अर्थतन्त्र संकटको चक्रव्यूहमा भए पनि सरकारले सोचेर कदम चाल्ने हो भने त्यसलाई सुधार गर्ने प्रशस्त आधार छन् । -साभार: कारोबार

महिला फुटबलमा कीर्तिमानी दर्शक

काठमाडौं/क्याटलान क्लब बार्सिलोना र स्पेनिस क्लब रियल म्याड्रिडको महिला टिमबीचको च्याम्पियन्स लिगको क्वाटरफाइनलको दोस्रो लेग 'एल क्लासिकोलाई कीर्तिमानी दर्शक संख्याले हेरेका छन् ।

बुधबार राति क्याम्प नोउमा भएको खेललाई ९१ हजार ५ सय ५३ दर्शकले प्रत्यक्ष रंगशालामा हेरेका थिए । यो महिला फुटबल इतिहासमै सबैभन्दा बढी दर्शक हो । यसअघि सन् १९९९ को महिला विश्वकपको फाइनलमा अमेरिका र चीन रोज बाउलमा भिड्दा ९० हजार १ सय ८५ दर्शकले हेरेका थिए । क्लब स्तरमा भने सन् २०१९ मा बार्सिलोना र एटलेटिको म्याड्रिडबीचको खेल ३० हजार ८ सय १४ दर्शकले हेरेका थिए ।

उक्त खेलमा बार्सिलोनाका ५-२ ले तथा समग्रमा ८-३ को जित निकाल्दै सेमिफाइनलमा पुग्न सफल भएको छ । यो बार्सिलोनाका समर्थक र सामान्यतय महिला फुटबल समर्थकका लाग उत्सवको दिन थियो । यो खेल हुनुअघि बार्सिलोनामा वर्षा भएको थियो । खेल अवधिमा मौसममा सुधार आएको थियो ।

त्यसपछि ठुलो संख्यामा महिला र बालबालिकासहित हजारौं मानिस रंगशालामा छिर्दै आफ्नो टोलीलाई हौसला प्रदान गरे । रंगशाला प्रवेश गर्न समर्थकहरु साँझदेखि नै लामबद्ध भएका थिए ।

-साभार: हाम्रोखेलकुद

हलिउड स्टार ब्रुस विलिसले लिए अभिनयबाट सन्यास

एजेन्सि/हलिउड स्टार तथा एक्सन हिरो ब्रुस विलिसले आफ्नो अभिनय करिअरबाट सन्यास लिएका छन् । बुधवार सौंफ सामाजिक सञ्जाल इन्स्टाग्राममा एक लामो पोस्ट लेख्दै ब्रुसले अभिनयबाट सन्यास लिएको जानकारी उनको परिवारले गराएको हो । एफासिया (दिमाखसम्म जाने ब्लड सप्लाई बन्द हुनु) नामको विरामीबाट ग्रसित भएका कारण उनले अभिनय छाड्ने घोषणा गरेका हुन् ।

परिवारले इन्स्टामा लेखेको छ, 'हालै ब्रुस एफासिया नामको विरामीबाट ग्रसित भएका थिए, जसका कारण उनको सम्झने शक्ति प्रभावित भएको छ । यही कारण र निकै विचार गरेर ब्रुसले यो फैसला लिएका छन् कि उनी आफ्नो अभिनय करिअरबाट टाढा हुँदैछन् । यद्यपि, ब्रुसका लागि आफ्नो करिअर निकै महत्त्वपूर्ण छ । वास्तवमा परिवारका लागि पनि यो एक मुश्किल समय हो ।' ब्रुस विलिसले आफ्नो करिअरको सुरुवात सन् १९८० मा गरेका थिए ।

उनले कयौं फिल्ममा काम गरे, जसमध्ये १९८८ मा आएको जोन म्याक्लेनको फिल्म फिल्म 'डाई हार्ड'बाट उनलाई पहिचान मिलेको थियो । यो फिल्म विलिसको पहिलो ठुलो फ्रेन्चाइज हो । उनले चर्चित सेरिज 'फ्रेड्स'मा पनि गेस्ट अपिरियन्स दिएका थिए । ४० वर्षको करिअरमा उनले दुईटा एमी अवार्ड जितेका छन् ।

निर्माण व्यवसायी महासंघले भन्यो- ठेकदारलाई चुनाव लड्न देऊ

काठमाडौं/निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुँदा ठेक्कापट्टासम्बन्धी व्यवहारमा संलग्न नरहेको हुनुपर्ने गरी गरेको व्यवस्थाको निर्माण व्यवसायीले विरोध जनाएका छन् ।

नेपाल निर्माण व्यवसायी महासंघले विज्ञप्ति नै निकालेर उम्मेदवार हुन स्वघोषणा गर्नुपर्ने व्यवस्था अन्तर्गत कुनै स्थानीय तहको ठेक्कापट्टासम्बन्धी व्यवहारमा संलग्न नरहेको हुनुपर्ने र यदि कुनै स्थानीय तहको ठेक्कापट्टामा संलग्न रहेको भएमा उम्मेदवार हुन नपाउने गरी जारी गरिएको मापदण्डप्रति गम्भीर ध्यानाकर्षण जनाएको छ ।

महासंघले नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिक मताधिकार, आवधिक निर्वाचन लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही सम्बद्ध राष्ट्र निर्माण गर्न नेपालको संविधान जारी गरिएको स्मरण महासंघले गराएको छ । महासंघले निर्वाचन आयोगलाई नेपालको संविधानको धारा १७ को उपधारा (२) कोखण्ड (ग) मा राजनीतिक दल खोल्ने स्वतन्त्रता (च) मा नेपालको कुनैपनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्रत्येक नेपाली नागरिकलाई सुनिश्चित गरिएको तथा धारा १५ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कानुनको समान संरक्षण प्राप्त हुने व्यवस्था गरिएको सम्झाएको छ ।

'धारा २५ को उपधारा (१) मा व्यवसायिक लाभ प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितता गरिएको छ । धारा २६९ मा राजनीतिक दलको गठन, दर्ता र सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ भने धारा २७० मा राजनितिक दलको गठन गरी सञ्चालन गर्न र दलको विचारधारा दर्शन र कार्यक्रम प्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाएको कानुन वा गरेको कुनै व्यवस्था वा निर्णय संविधानको प्रतिकुल मानिने छ र स्वत: अमान्य हुने भन्ने व्यवस्था गरिएको छ,' महासंघका महासचिव रोशन दाहाल्ले जारी गरेको विज्ञप्तिमा भनिएको छ । संविधानमार्फत सुनिश्चित गरिएका राजनितिक स्वतन्त्रतासम्बन्धी संवैधानिक एवम् मौलिक हक, पेशा व्यवसाय गर्न पाउने मौलिक हक तथा निर्वाचनमा भाग लिन पाउने नेपाली नागरिकहरुको आधारभूत संवैधानिक एवम् मौलिक हकको ठाडो उल्लंघन हुने भन्दै निर्वाचन आयोगबाट जारी भएको नियम सच्याउन महासंघले माग गरेको छ ।

'यो व्यवस्था संवैधानिक एवम् मौलिक हक विपरीत भएकोले यथाशिघ्र सच्याई संविधानले नागरिकलाई प्रदान गरेको संवैधानिक एवम् मौलिक हकको रक्षा गर्नर संवैधानिक व्यवस्थाको सम्मान र परिपालना गर्न निर्वाचन आयोग समक्ष नेपाल निर्माण व्यवसायी महासंघ जोडदार माग गर्छ विज्ञप्तिमा भनिएको छ । -साभार: अनलाईन

लोसपालाई सरकारमा ल्याउन ग्रृहकार्य गर्दै देउवा

काठमाडौं/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई सरकारमा सहभागी गराउन प्रधानमन्त्री शेर बहादुर देउवाले गृहकार्य गरेका छन् । प्रधानमन्त्री देउवाले लोसपा अध्यक्ष महन्थ ठाकुरसहित नेताहरूसँग यसबारे छलफल गरिरहेका छन् ।

बुधबार साँझ बालुवाटारमा प्रधानमन्त्री देउवा र लोसपा अध्यक्षसहित शीर्ष नेताहरूले कुराकानी गरेका थिए । 'लोसपालाई सरकारमा ल्याउन छलफल भइरहेको छ,' प्रधानमन्त्री देउवानिकट स्रोतले भन्यो, 'केही माग पूरा भएमा लोसपा सरकारमा आउन सकारात्मक देखिएको छ ।' रक्षा र उद्योग मन्त्रालयमा मन्त्री छैनन्, प्रधानमन्त्रीले नै हेरिराखेका छन् ।

लोसपाले आफूहरूले उठाएका माग पूरा गर्ने प्रतिबद्धता सरकारबाट आउने हो भने सरकारमा सहभागी हुन सक्ने बताइरहेको छ । लोसपा नेता केशव झाले माग पूरा हुने हो भने सरकारमा जान सकिने बताए । 'प्रधानमन्त्री र पार्टीका नेताहरूबीच छलफल भएको हो । पार्टीले उठाएका माग पूरा हुने हो भने सरकारमा सहभागी हुन सकिन्छ भन्ने छ,' उनले भने, 'सरकारमा जानुपर्छ भन्ने साथीहरूका पनि धारणा छन् । तर प्रधानमन्त्रीले पनि यसबारे गठबन्धनभित्र कुराकानी गर्नुपर्ने होला ।' लोसपाले प्रधानमन्त्रीमा देउवालाई विश्वासको मत दिएको थियो । आफ्ना कार्यकर्ताहरूलाई लगाइएका झुठा मुद्दा फिर्ता गर्नुपर्ने, नागरिकता विधेयक पास गर्नुपर्ने र संविधान संशोधन गर्नुपर्नेजस्ता मुद्दा लोसपाले सरकारबाट सम्बोधन हुनुपर्ने माग गरिरहेको छ ।

देउवा नेतृत्वको सरकारमा रक्षा र उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री खाली छ । प्रधानमन्त्रीले नै यी दुई मन्त्रालय हेरिरहेका छन् । नेपाली कांग्रेसको महामन्त्रीमा परजित भएपछि मिनेन्द्र रिजाललेे रक्षामन्त्रीबाट राजीनामा दिएका थिए । यस्तै तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणाको कोटाबाट नियुक्त भएको भन्दै बिबाद भएपछि गजेन्द्रबहादुर हमालले पनि मन्त्रीबाट राजीनामा दिएका थिए ।

-साभार: सेतोपाटी

ललितपुरमा म्यादी प्रहरीमा दोब्बर आवेदन

ललितपुर/ललितपुरमा म्यादी प्रहरीमा भर्ना हुनका लागि दोब्बरभन्दा धेरैको आवेदन परेको छ । ललितपुर प्रहरी परिसरका प्रवक्ता शिद्धिविक्रम शाहका अनुसार दुई हजार ९०४ जनाले म्यादी प्रहरीमा भर्नाका लागि आवेदन दिएका छन् ।

उनले भने, 'अघिल्लो पल्टभन्दा केही कम नै हो । तर, एक हजार १२५ जना आवेदन मागेकोमा दुई हजार ९०४ जनाको निवेदन परेको छ ।' आवेदन दिनभध्ये पनि केही छुनौट प्रक्रियामा भाग लिन नआएको एक प्रहरी अधिकृतले बताए । उनले भने, 'अघिल्लो निर्वाचनको बेला म्यादीमा भर्ना हुने युवाहरू छुनौटको पहिलो दिनमा नै भीडभाड हुन्थ्यो । तर, यसपल्ट धेरै भीडको सामना गर्नु परेको छैन ।' उनका अनुसार अहिले महिलाको संख्यामा भने केही वृद्धि भएको छ । जावलाखेल फुटबल ग्राउण्डमा भइरहेको शारीरिक छुनौट प्रक्रिया बिहीवारसम्म चल्नेछ भने शुक्रबार लिखित परिक्षा हुनेछ । २१ चैत्रमा लिखितमा उत्तीर्णहरूको अन्तर्वार्ता हुनेछ भने २२ चैत्रमा हुने नतिजा प्रकाशनपछि २८ गतेबाट १० दिनसम्म तालिम गरिनेछ ।

म्यादीमा भर्ना हुनका लागि प्रहरीले महिलाका लागि ५ फिट पुरुषका लागि ५ फिट २ इन्च हुनुपर्ने मापदण्ड राखेको छ । छुनौट प्रक्रियामा पुसअप, सेटअप, दौड, स्वास्थ्य परीक्षण, तौल र उचाई नापजाँच गरिएको थियो । -रातोपाटी

स्थानीय चुनावलाई सत्तागठबन्धनले तीन तहमा संयन्त्र बनाउने

काठमाडौं/वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि सत्तारूढ पाँचदलीय गठबन्धनले तीन तहमा संयन्त्र बनाउने निर्णय गरेका छन् । बिहीबार बालुवाटारमा बसेको गठबन्धन दलका शीर्ष नेताको बैठकले प्रदेश, जिल्ला र पालिकास्तरमा संयन्त्र बनाउने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार प्रदेश, जिल्ला र पालिकास्तरमा पाँच दलका नेता रहने संयन्त्र बनाउने निर्णय भएको छ । उनकाअनुसार ती संयन्त्रले सम्बन्धित ठाउँमा पाँचदलीय गठबन्धनको अवस्थाबारे प्रतिवेदन बनाउनेछन् । उक्त प्रतिवेदन चैत २२ भित्र केन्द्रमा पठाइसक्नुपर्ने हुन्छ । पार्टीहरूका अवस्था हेरेपछि मात्रै कहाँ कुन पार्टीका उम्मेदवार उठाउने भन्ने निर्णय गर्ने तयारीमा गठबन्धन छ । गठबन्धनले महानगरमा भने केन्द्रबाटै टिकट ठ्ग्ने लगाउने तयारी गरेका छन् ।

साथै स्थानीय चुनावमा गठबन्धन गरेर जाने सत्तारूढ पाँच दलले निर्णय गरेका छन् । पाँचदलीय गठबन्धन एकडिक्का भएर चुनावमा जाने निर्णय भएको कार्कीले बताए ।

-साभार: सेतोपाटी

श्री मालपोत कार्यालय मकवानपुरबाट

मितिः २०७८/१२/१७ मा जारी भएको नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक-जयराम मुक्तान ज.ध:- टेक बहादुर मुक्तान

यसमा जिल्ला मकवानपुर साविक हाँडीखोला गाविस वडा नंवर ९ को कि.नं. ९०० को क्षेत्रफल ज.बी. ०-३-० को जग्गाधनी तथा आफ्नो बाजे टेक बहादुर मुक्तानको मिति २०७४/०५/०४ मा मृत्यू भएको, मृतक बाजेको २ पत्नी भएकोमा जेठी सुनमाया मुक्तान र कान्छी फुलमाया मुक्तान भएको, जेठी सुनमाया मुक्तानको कोखबाट १ छोरा घ्याघर मुक्तानको जायजन्म भएको, कान्छी फुलमाया मुक्तानबाट कुनै पनी सन्तानको जायजन्म नभएको, सुनमाया मुक्तान दोश्रो विवाह गरी अन्तै गएको, फुलमाया मुक्तानको मिति २०७४/०५/१५ मा मृत्यू भएको, घ्याघर मुक्तानको मिति २०६७/१२/७ मा मृत्यू भएको, निज घ्याघरको एकमात्र पत्नी कान्छी माया मुक्तान पनी मिति २०६१/१२/३० मा मृत्यू भएको, निज दम्पतीबाट १ छोरा जयराम मुक्तान र ३ वटी छोरीहरुको जायजन्म भएकोमा छोरीहरुको विवाह भैसकेकोले उल्लेखित जग्गाको हकदार म निवेदक जयराम मुक्तान मात्र भएकोमा उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाँउ भनी निवेदन जयराम मुक्तानले मनहरी गाउँपालिका ५ नंवर वडा कार्यालयको च.नं. ११६७ मिति २०७८/११/२५ को सिफारिस, नाता प्रमाणित, वडा सर्जीमन मुचुल्का समेत संलग्न गरी कार्यालयमा द.नं.१०२६७ मिति २०७८/११/२५ मागदावी निवेदन पेश गर्नु भई सनाखत समेत गर्नु भएकोमा वडा कार्यालयको सिफारिससहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको १ पत्नीको मृत्यू भएको, अर्की पत्नी दोश्रो विवाह गरी अन्तै गएको, जग्गाधनीको छोरा/बुहारी समेतको मृत्यु भैसकेकोले जग्गाधनीको हकदारहरु, पालन पोषण र सदगदको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्ने भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको मागदावी सत्य नभई झुठा भए वा जग्गाधनी टेक बहादुर मुक्तानको निवेदकले मागदावी गरेको भन्दा अन्य हकदारहरु पनि भएमा वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा निवेदकको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

इति संवत २०७८ साल चैत महिनाको १७ गते रोज ०५ शुभम्.....

भारत भ्रमणको एजेण्डा माग्दा प्रधानमन्त्री मौन

काठमाडौं/प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमणमा जानु अघिल्लो दिन सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुको बैठक बस्यो ।

चुनावी तालेमलबारे छलफल बोलाइएको बैठकमा सत्तारुढ दलका नेताहरुले भारत भ्रमणको एजेण्डाबारे चासो राखेका थिए । नेकपा एकीकृत समाजवादी नेता झलनाथ खनाल, नेकपा माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठ र राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले एजेण्डा राखेर सुझाव दिन आग्रह गरेका थिए । तर पटकपटक एजेण्डाबारे सोध्दा पनि नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री देउवा मौन बसेको एक नेताले बताए ।

त्यसपछि सत्तारुढ दलका नेताहरुले लिपुलेक, लिम्पियाधुरा र कालापानीको नेपाली भूभागबारे नेपालको मत राख्न सुझाएका छन् । प्रबुद्ध समूह (ईपीजी) को प्रतिवेदन बुझ्नुपर्ने, महाकालीमा भइरहेको अतिक्रमण रोक्नुपर्ने लगायतका समस्याबारे पनि भारतीय पक्षसँग सम्वाद गर्न नेताहरुले सुझाएका छन् । बैठकपछि सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले दलहरुले दुई देशको सम्बन्धलाई कसरी सुदृढ बनाउने भनेर सुझाव दिएको बताए । नेपाल र भारतबीच सरकार र सरकारको बीचमा मात्र नभई जनस्तरमा पनि सम्बन्ध रहेको भन्दै उनले भने, 'त्यसलाई प्रगाढ बनाउने र हाम्रा विचमा देखिएका समस्याहरुलाई उच्च स्तरको राजनीतिक र कूटनीतिक माध्यमबाट हल गरेर दुई देशको सम्बन्धलाई अझ सुदृढ बनाउन यो भ्रमण सफल हुनेछ भन्ने विश्वास लिएका छौं ।' -साभार: अनलाईन

सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्थाद्वारा संचालित

मकवानपुर सहकारी अस्पताल

हेटौंडा-१, भिन्तुनापथ

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रकाशन मिति २०७८।१२।१८ गते)

यस मकवानपुर सहकारी अस्पतालको प्याथोलोजी शाखाको लागी तपशिल अनुसारको कर्मचारीहरु आवश्यकता परेको हुदा योग्यता पुगेका १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका नेपाली नागरीकहरुबाट प्रकाशित मितिले ७ (सात) दिन भित्र आवेदन आव्हान गरिन्छ ।

सि. नं.	पद	योग्यता	आवश्यक संख्या
१	स्टाफ नर्स	मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा प्रविणता प्रमाणपत्र उर्तिण भएको	२ जना
२	हेल्थ असिस्टेण्ट	मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा प्रविणता प्रमाणपत्र उर्तिण भएको	२ जना
३	अ.न.मी.	मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा उर्तिण भएको	२ जना
४	अ.हे.व.	मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा उर्तिण भएको	२ जना

संलग्न गर्नुपर्ने कागजातहरु :
१. आवेदन सहित हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो
२. व्यक्तिगत विवरण (Bio-data)
३. नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि- १ प्रति
४. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि- १ प्रति
५. नेपाल मेडिक काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
५. तलिम तथा सम्वन्धीत क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि- १ प्रति

आवेदन पेश गर्ने अन्तिम मिति : २०७८/१२/२४ गते सम्म ।
सम्पर्क मिति : २०७८/१२/२५ गते ।
परीक्षा मिति र स्थान : सम्पर्क मितिको दिन तोकीने छ ।
परीक्षाको किसिम : अन्तर्वार्ता

विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।
मकवानपुर सहकारी अस्पताल
हेटौंडा १, भिन्तुनापथ
फोन : ०५७-५२६५८७

दरबार हाइस्कुलमा रोबोटिक ल्याब

काठमाडौं/भानु माध्यमिक विद्यालय (दरबार हाइस्कुल) सामुदायिक विद्यालयमा रोबोटिक ल्याब स्थापना गरिएको छ । यो नेपालमै पहिलो भएको काठमाडौं महानगर पालिकाका शिक्षा शाखाका विभागका अधिकृत रामप्रसाद सुवेदीले बताए ।

महानगरपालिकाको २३ लाख रुपैयाँ आर्थिक सहयोगमा रोबोट अध्ययन र अभ्यासका लागि रोबोटिक ल्याब स्थापना गरिएको सुवेदीले जानकारी दिए । बुधबार महानगर पालिकाका मेयर विद्यासुन्दर शाक्यले रोबोटिक ल्यावको उद्घाटन गरेका छन् । रोबोट निर्माण गर्न आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गरिनुका साथै रोबोटका बारेमा अध्यापन गर्न शिक्षकको प्रबन्ध गरिएको छ । विद्यार्थीले केही रोबोट तयार गरिसकेका छन् ।

ल्याबमा विद्यालयका कक्षा ५ देखि १० सम्मका विद्यार्थीले रोबोट विषय अध्ययन गर्नुका साथै बनाउने छन् । अधिकृत सुवेदीले रोबोटको बुझाई फराकिलो बनाउनको लागि पनि यो ल्याब खोलिएको बताउँछन् । भन्छन् 'रोबोट भनेको मान्छे जस्तै हो भन्ने बुझाइ छ तर त्यत्ति मात्रै होइन स्वचालित सामग्रीहरु

रोबोट हुन भन्ने सचेतनाको लागि पनि यो ल्याबले भूमिका खेल्छ ।' अहिले विद्यार्थीहरुले बनाएका विभिन्न खालका स्वचालित सामाग्रीहरु ल्याबमा राखिएको छ । महानगरपालिकाले विद्यालयलाई राष्ट्रिय नमूना विद्यालयको रुपमा स्थापित गर्नको लागि ३८ लाख बजेट दिएको छ । बाँकी १५ लाख स्मार्ट बोर्ड खरिदका विद्यालयले खर्च गरेको छ ।

स्कुल साइन्स इनोभेसन सेन्टर स्थापना गरिने

महानगरपालिकाले स्कुल साइन्स इनोभेसन सेन्टर स्थापना गर्ने तयारी गरेको जनाएको छ । महानगरपालिकाभित्रको कुनै एक सामुदायिक विद्यालयमा सेन्टर स्थापना गरिने छ । जहाँ विद्यार्थी तथा शिक्षकहरुले तयार गरेका विभिन्न अन्वेषणहरु प्रदर्शनीमा राख्नुका साथै अनुसन्धान तथा अन्वेषणका कामहरु गर्न सक्नेछन् । महानगर शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले भने 'यो महावीर पुनले स्थापना गरेको आविष्कार केन्द्र जस्तै हो । त्यहाँ माथिल्लो तहका विद्यार्थीहरुले गर्ने भए यहाँ चाहीं विद्यालय तहका विद्यार्थी तथा शिक्षकहरुले गरेको अन्वेषण हुने भयो ।' त्यहाँ विभिन्न विद्युतीय सामग्री निर्माणका लागि आवश्यक सामग्रीसमेत उपलब्ध हुनेछ ।

यसले बालबालिकालाई नयाँ विद्युतीय सामग्रीहरुको अन्वेषण गर्न सहयोग र हौसला मिल्ने सुवेदीले बताए । अहिले महानगरको कुन विद्यालयमा राख्न सकिन्छ भनेर अध्ययन भइरहेको जानकारी दिए ।

-साभार: अनलाईनखबर

सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्थाद्वारा संचालित

मकवानपुर सहकारी अस्पताल

हेटौंडा-१, भिन्तुनापथ

अस्पताल उपकरण Flat palel Detector (DR) खरिद सम्बन्धि दरभाउपत्र आव्हानको सूचना

सूचना नं. ०२/२०७८/०७९
(प्रथम पटक प्रकाशित मिति: २०७८/१२/१८ गते)

यस सुनौलौ भविश्य स्वास्थ्य सहकारी संस्थाद्वरा संचालित मकवानपुर सहकारी अस्पतालको लागि अत्यावश्यक प्रयोगशाला तथा अस्पताल उपकरणहरु खरिद गनुपर्ने भएकोले उक्त सामग्रीहरु सप्लाई गर्न इच्छुक इजाजत प्राप्त बिक्रेता फर्म वा संस्थाहरुबाट रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । दरभाउ पत्र सूचना प्रकाशित मितिले १५ दिनभित्र रु. ३,०००/- (तिन हजार मात्र) दस्तुर ग्लोबल आइएमइ बैंक हेटौंडा शाखाको खाता नं. L601010000052 मा जम्मा गरी सक्कल भौचरको साथमा फर्म, संस्था वा कम्पनी दर्ता भएको प्रमाण पत्र प्रतिलिपि, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७७/०७८ को करचुक्ता दरभाउपत्र खरिदकर्ताको नागरिकताको प्रतिलिपि दरभाउपत्र दाताको प्रतिनिधिको हकमा अधिकृत वारेसनामाको सक्कल प्रति संलग्न गरी लिखित निवेदन पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क ठेगाना :मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ मकवानपुर
सम्पर्क: ०५७-५२६५८७

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

आजदेखि मकवानपुर र सिन्धुली जोड्ने पुल बन्द

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ मकवानपुर र सिन्धुलीलाई जोड्ने मदन भण्डारी लोकमार्गअन्तर्गत्को बागमती नदीको पुल तीन दिनसम्म बन्द हुने भएको छ ।

मदन भण्डारी लोकमार्गको धरान-चतरा-हेटौंडा सडकखण्ड अन्तर्गत् मकवानपुर र सिन्धुली जोड्ने बागमती नदीको पुल निर्माण कार्यका कारण आज शुक्रबारदेखि बन्द हुने भएको हो ।

आइतबारसम्म सवारीसाधन आवतजावतमा रोक लगाइएको निर्माण कम्पनीले जानकारी दिएको छ । दोलखा, रामेछाप र सिन्धुलीबासीलाई प्रदेश मुकाम हेटौंडा आउन उक्त सडक खण्ड उपयुक्त हुन्छ । हेटौंडा आवतजावतका लागि पछिल्लो समय धेरै व्यक्तिले यही सडक प्रयोग गर्ने गरेका थिए । ११ वर्षसम्म निर्माण हुन नसकेको बागमती नदीको पुल यसवर्ष सम्पन्न हुँदैछ ।

सम्झौताको ११ वर्षसम्म पनि पुल निर्माण नभएपछि बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले केही महिनाअघि स्थलगत निरीक्षण गरी निर्माण सक्काउन निर्देशन दिएका थिए । त्यसयता निर्माण कम्पनी स्वच्छन्द निर्माण सेवाले भटाभट काम गरिरहेको छ । बागमती पुलले सिन्धुलीको हरिहरपुरगढी गापा-४ र मकवानपुरको बागमती गापा-४ जोड्छ ।

बागमती पुलमाथि कालोपत्र गर्नुपर्ने भएकाले सवारीसाधन आवतजावतमा रोक लगाइएको स्वच्छन्द निर्माण सेवाका सुपरभाइजर सन्तोष सापकोटोले बताए । उक्त पुलको १५ वैशाखमा उद्घाटन गर्ने तयारी भइरहेको छ । निर्माण कम्पनीले चैत मसान्तभित्र सबै काम सक्ने लक्ष्य लिएको छ । २९ असार २०६८ मा २० करोड ६२ लाख रुपियाँमा पुल निर्माणका लागि सम्झौता भएको थियो ।

पुल निर्माण भएपछि हेटौंडाबाट सिन्धुली, रामेछाप, १ नम्बर प्रदेशको उदयपुर, ओखलढुंगा, खोटाङ, धरान सहजै पुग्न सकिन्छ । बागमती नदीमा पुल नबन्दा स्थानीयले टायरको सहायतामा मोटर साइकल तार्न एक हजार रुपियाँ लिने गरेका थिए । वर्षात्को समयमा दुई गाउँबीचको सम्बन्ध टाढिने गरेको थियो ।

निर्माण सामग्रीमा भएको मुल्यवृद्धि फिर्ता गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ निर्माण व्यवसायी संघ मकवानपुरले निर्माण सामग्रीमा भएको मूल्यबृद्धि फिर्तालगायत विभिन्न माग राख्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ ।

निर्माण सामग्रीमा भएको मूल्यबृद्धि, सार्वजनिक खरिद नियमावली, २०६४ को एघारौं संशोधनको त्रुटि सच्याउन माग गर्दै ज्ञापनपत्र बुझाइएको हो । बीमाको प्रिमियम दरमा भएको मूल्यबृद्धि र राजस्व सम्बन्धमा केही बुँदाहरू संशोधनको पनि माग गर्दै संघ मकवानपुरले प्रशासनमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको जनाएको छ । संघले बुझाएको ज्ञापनपत्रमा विभिन्न१० बुँदे मागहरु समावेश गरिएको छ । संघका प्रथम उपाध्यक्ष बालगोपाल कँडेलको नेतृत्वमा गएको टोलीले मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलाई ज्ञापन-पत्र बुझाएको हो ।

ज्ञापनपत्र बुझाउन संघका कोषाध्यक्ष ईश्वर पाठक, सहकोषध्यक्ष नवराज पाठक, कार्यसमिति सदस्यहरु सुरज बर्तौला, निर्मल देवकोटा, नेपाल निर्माण व्यवसायी महासंघका पूर्वकेन्द्रीय सदस्य ईश्वर पण्डितसहितको निर्माण व्यवसायीको टोली जिल्ला प्रशासन कार्यालय पुगेको थियो ।

प्लाष्टिक टनेलभित्र खेती गर्न सिकाउँदै वडा कार्यालय

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ आफ्ना वडाबासीलाई प्लाष्टिक टनेलभित्र व्यावसायिक तरकारी खेती व्यवस्थापन गर्न मकवानपुरगढी गाउँपालिकाको २ नम्बर वडा कार्यालयले सिकाएको छ ।

मकवानपुरगढी गाउँपालिकाको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७७/०७८ सम्म वडा नम्बर २ मा ३२ कृषक परिवारले १२ हजार ३ सय ८४ वर्गमिटर क्षेत्रफलमा १ सय १९ वटा टनेल निर्माण गरेर तरकारी खेती गरिरहेका छन् ।

उनीहरूलाई खेती व्यवस्थापन बारे ज्ञान प्रदान गर्न तालिम दिइएको हो । २ नम्बर वडामा व्यावसायिक तरकारी खेती थप विस्तार हुने क्रममा रहेकाले व्यवस्थापनसम्बन्धी तालिम दिइएको गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए ।

२ नम्बर वडामा सबैभन्दा बढी टनेल कुर्लेफाँटमा रहेको छ । वडा कार्यालयको आयोजनामा १५ र १६ चैतमा २ दिनसम्म तरकारी खेती व्यवस्थापनबारे तालिम दिएको हो । २ नम्बरका वडा अध्यक्ष बखानसिं पाखिनको सभाध्यक्षतामा भएको तालिममा सहभागी किसानलाई सैद्धान्तिक विषयसँगै फिल्ड अवलोकनमा रोजगारीको पहिचान, काँटछाँट, माटो व्यवस्थापनलगायत विषयमा व्यावहारिक ज्ञान दिइएको चौधरीले बताए । गतवर्ष टनेलभित्र लगाएको गोलभेडालगायत तरकारीमा विभिन्न समस्या देखापरेकोमा उक्त समस्यालाई लक्षित गरी टनेलभित्र खेती गर्ने कृषकहरूलाई तालिम दिइएको चौधरीले जनाए । कृषि शाखा प्रमुख चौधरी, कृषि प्राविधिक गोपाल लम्साल र संगीता दुलालले प्रशिक्षण दिएका थिए ।

अधिकृत वारेसनामा बदर सम्बन्धि सूचना

उप्रान्त म निवेदक सेलबोन तामाङको नाती, ठुलो तामाङको छोरा बागमती प्रदेश जिल्ला मकवानपुर हेटौंडा नगरपालिका वडा नं ७ ठेगाना भई हाल मनहरी गाउँपालिका वडा नं १ बस्ने वर्ष ७९, को गोरे तामाङ (ना.प्र.प.न ३८२५ मिति २०३८/०७/१७ जि.प्र.का.मकवानपुर) ले मिति २०७८ साल चैत ०७ गते रोज २ शुभमको दिन श्री मकवानपुर जिल्ला अदालतका मातनीय न्यायधीश मार्फत अधिकृत वारिसनामा गरि अधिकार प्रत्यायोजन गरिदिएको तपाई प्रेम बहादुर घलानको छोरी, रमेश मुक्तानको पत्नि बागमती प्रदेश जिल्ला मकवानपुर हेटौंडा उप.मा.न.पा.वडा नं ९, जन्मस्थान भई हाल रासरीराङ गा.पा. वडा नं ६ बस्ने वर्ष ३४ की राजुमाया मुक्तान (ना.प्र.प.न १२८९२४ मिति २०५०/०८/१० जि.प्र.का मकवानपुर) लाई मूलकी देवानी संहिता २०७४ को दफा १५४(१) बमोजिम अधिकृत वारेस मुकरर गरी जि.मकवानपुर पदमपौखरी गा.वि.स वडा नं २ को कि.नं. ४६६२ को ज.वि. ०-२-० पुरा कित्ता जग्गा जो कोही कसैलाई विक्रीवितरण गरी हकहस्तान्तरण गर्न गराउन अधिकार दिएकोमा हाल अधिकृत वारेसनामा प्राप्त व्यक्ति नै सार्पक बिहिन भई दिएको कार्य पुरा गर्न असमर्थ भएको र म अधिकृत वारेस दिने व्यक्ति सोरे तामाङ ले नै आफ्नो कार्य आफै गर्न सक्ने भएको हुँदा मूलकी देवानी कार्यबिधि संहिता २०७४ को दफा १५४(१)(ग) बमोजिम उक्त मितिमा सम्मानित अदालतबाट भएको अ.बा बदर गरी दिएको यसै सूचना मार्फत अधिकार खारेज गरेको छ ।

वन्यजन्तु फार्म सञ्चालन मापदण्ड: बँदेल, मृगदेखि गोहीसम्म पाल्रुन पाइने

साझाकुरा संवाददाता

एउटा बीउ प्राणी गोहीको मूल्य ५ हजार, भ्यागुताको एक सय, दुम्सीको २ हजार, चित्तलको ४० हजार

काठमाडौं, १७ चैत/ सरकारले व्यावसायिकरुपमा वन्यजन्तु पालन तथा प्रजननसम्बन्धी मापदण्डलाई अन्तिम रुप दिने तयारी गरेको छ ।

वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृतिका लागि पेस भएको 'व्यावसायिक वन्यजन्तु पालन तथा प्रजननसम्बन्धी मापदण्ड, २०७८' को मस्यौदालाई अन्तिम रुप दिनुअघि सुझाव मागेको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन, २०७६) नियमावलीको ३६ 'ट' बुँदामा मापदण्ड बनाउन सकिने उल्लेख छ । उक्त बुँदामा व्यावसायिकरुपमा वन्यजन्तु पालन तथा प्रजनन गर्ने, वैज्ञानिक अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीका लागि वन्यजन्तु प्रदान गर्ने तथा चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्ने सम्बन्धमा विभागले आवश्यक पर्ने मापदण्ड तयार गरी मन्त्रालयमा पेश गर्ने प्रस्ताव गर्नुपर्ने उल्लेख छ । सोही व्यवस्थाबमोजिम विभागले मापदण्ड तयार गरेको हो ।

प्रस्तावित मस्यौदामा वन्यजन्तुको व्यावसायिक पालनका गर्नका सम्बन्धित वन कार्यालयले बीऊ प्राणी उपलब्ध गराउने उल्लेख छ । वन्यजन्तु पालन गर्न इच्छुकले सबैभन्दा पहिला अनुमति लिनुपर्नेछ । यसका लागि विस्तृत कार्ययोजना विभागमा पेस गर्नुपर्नेछ । विभागले वन्यजन्तुको प्रजाति र जग्गाको क्षेत्रफलको आधारमा व्यावसायिक पालन प्रजननको अनुमतिपत्र दिने छ ।

अनुमति प्राप्त फार्म वा संस्थालाई आवश्यक पर्ने बीउ प्राणी सम्बन्धित वन कार्यालयले निकुञ्ज विभागमा आफ्ना रायसहित सिफारिस गर्नेछ । सिफारिसबमोजिम बीउ प्राणी उपलब्ध गराउन सकिने भएमा विभागले सञ्चालकलाई तोकिएको दस्तुर तिरेर संकलन गर्न पाउनेछ । बीउ प्राणी खरिद गर्दा लाग्ने दस्तुर नियमावलीको पाचौं संशोधनमा उल्लेख छ ।

उक्त नियमावलीअनुसार स्तनधारीतर्फ कस्तुरी मृगको बीउ प्राणी प्रतिगोटा १ लाख उल्लेख छ । चित्तल र लगुनाकाको बीउ प्राणी प्रति गोटा ५० हजार, रतुवाको ४० हजार, नीलगाईको ६० हजार, खरायोको १ हजार, दुम्सीको २ हजार र बँदेलको १ हजार रुपियाँ उल्लेख छ ।

यस्तै, सरिसृप अजिंगर बाहेकका जीवको बीउ प्राणी ५ हजार प्रतिगोटा, कछुवाको १ हजार रुपियाँ प्रतिगोटा र भ्यागुताको प्रतिगोटा १ सय रुपियाँ तिर्नुपर्ने नियमावलीमा उल्लेख छ । चराहरुको हकमा मयुरको ५ हजार, कालिजको २५ सय र अन्य चराहरुको १ हजार प्रतिगोटा तोकिएको छ । बीउ प्राणी संकलनका लागि अनुमतिपत्रमा संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालय वा प्राणी उद्यान कार्यालयबाट खटाइएको प्राविधिक कर्मचारीको रोहबरमा गर्नुपर्ने व्यवस्था छ । प्राणी पकँदा वा नियन्त्रणमा लिँदा घाइते भए सम्बन्धित सञ्चालकले उपचार खर्च व्यवहोर्नुपर्ने प्रस्ताव गरिएको छ ।

प्रस्तुत मापदण्डमा बीउ प्राणी विदेशबाट आयात गर्न चाहेमा विभागबाट व्यावसायिक वन्यजन्तु पालन तथा प्रजननको अनुमति लिई वन्यजन्तुको प्रजाति र संख्या खुलाई आयात गर्ने देशको कानुनबमोजिम प्राप्त गर्न सकिने उल्लेख छ ।

यसका लागि प्राविधिक समितिले सिफारिस गर्नुपर्ने हुन्छ । बीउ प्राणी आयात गर्दा सम्बन्धित देशको आधिकारिक निकायबाट जारी गरिएको अन्तर्राष्ट्रिय स्वास्थ्य वा भेटेरिनरी प्रमाणपत्र तथा खोपको विवरण पनि पेस गर्नुपर्ने प्रस्तावमा उल्लेख छ ।

जनकल्याणमा वित्तीय साक्षरता कार्यक्रम

हेटौंडा, १७ चैत/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरको जनकल्याण माध्यमिक विद्यालयमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम भएको छ ।

थाहाको शिखरकोटमा रहेको सेञ्चुरी कमर्शीयल बैंकले बिहीवार साक्षरता कार्यक्रम सञ्चालन गरेको हो । कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई वित्तीय साक्षरता कार्यक्रमको उद्देश्य, महत्व तथा बैंक खाता खोल्ने प्रक्रिया, खाताका प्रकार, मोबाइल बैंकिङ सेवा, आइपीएस, कर्जा, एटीएम सेवा, आन्तरीक तथा वैदेशिक रेमिट्यान्सलगायत बैंकबाट प्रदान गरिने सेवाबारे जानकारी गराइएको थियो । विद्यालयमा अध्ययनरत् कक्षा १२ का करिब ७० जना विद्यार्थी तथा शिक्षकहरु कार्यक्रममा सहभागी थिए । कार्यक्रममा बैंकका प्रबन्धक आशिष गौतम, बैंकका कर्मचारीहरु, मंगलदीप सहकारीका व्यवस्थापक गणेश विष्ट, नेपाल लाइफ इन्स्योरेन्स पालुङ शाखा प्रमुख नरहरि पौडेल, नाडेप लघुवित्त, पालुङका कर्मचारी रवि रिमालको उपस्थिति थियो । जीवन बिमा तथा निर्जिवन बिमाको फाइदा तथा महत्वबारे नेपाल लाइफ इन्स्योरेन्स पालुङका प्रमुख नरहरि पौडेलले सहजीकरण गरेका थिए । कतिपय अवस्थामा बैंकिङ सम्बन्धी राम्रो ज्ञान नभएका कारण धेरैले गल्ती गर्ने गरेकाले साक्षरता कार्यक्रम आवश्यकता रहेको सहभागीहरुले औल्याएका छन् । बैंकले जनचेतना मूलक कार्यक्रमहरु भविष्यमा पनि विभिन्न टोल बस्तिमा सञ्चालन गर्दै जाने योजना बनाएको छ ।

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा सानोपोखरा, मकवानपुर

९८५५०२७५१२ (अनिष वाग्ले)

जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हदसम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रक्र्यालाई अवरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पुरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणकी लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं

पाइने स्थान:

सामुदायिक कृषि सहकारी संस्था लि.

हेटौंडा-८, कमाने

९८५५०६९०८६ राजेन्द्र ढकाल

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"

६५ औं राष्ट्रिय सहकारी दिवस २०७८

निमन्त्रणा-पत्र

६५ औं राष्ट्रिय सहकारी दिवस यस वर्ष पनि निम्न अनुसारका बागमती प्रदेश स्तरीय कार्यक्रमका साथ सु-सम्पन्न हुने भएकोले २०७८ चैत्र २० गते बिहान ७:३० बजे भुटनदेवी मा.वि. हेटौंडाको चौरबाट शुरु हुने ज्याली सहितको कार्यक्रममा यहाँको संघ/संस्थाको व्यापक सहभागिताको लागि हार्दिक अनुरोध छ ।

कार्यक्रमहरु:

मिति	स्थान	समय	कार्यक्रम
२०७८/१२/१८	चूडपोक, हेटौंडा	बिहान ७:०० बजे	स्नानदान
२०७८/१२/१६	हेटौंडा अस्पताल	बिहान ७:०० बजे	विरामीहरूलाई फलफूल वितरण
२०७८/१२/२०	भुटनदेवी मा.वि.को चौर, हेटौंडा-७	बिहान ७:३० बजे	ज्याली
२०७८/१२/२०	रीयल पार्टी प्यालेस, हेटौंडा-४	बिहान ८:३० बजे	प्रवचन र सम्मान कियरण
२०७८/१२/२०	संघ/संस्थाहरुको कार्यालय परिसर	साँझ ७:०० बजे	बागमती प्रदेशस्तरका सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन

आयोजक:
६५ औं राष्ट्रिय सहकारी दिवस २०७८ बुल समारोह समिति
बागमती प्रदेश, हेटौंडा



गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७७९६६४, ९८५५०३१९६६४

खुल्यो ! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै

लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद

अब होटल म्याक्समा

होटल MAX

हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

हार्दिक बधाई तथा शुभकामना

ने.क.पा एमालेको जनबर्गिय संगठन मानव अधिकार एलाइन्स मकवानपुरको बैठो जिल्ला अधिवेशनबाट हामी सक्छौ नेपालका सह-सचिवहरु **सम्राट सिलवाल** र **प्रबिन गौतम** जिल्ला सचिव र जिल्ला सदस्य पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

हामी सक्छौ नेपाल परिवार

नि:शुल्क तालिमको अवसर

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय व्यवसायीक तथा सीप विकास तालिम प्रतिष्ठान भैसेपाटी ललितपुरको आर्थिक सहयोगमा ट्रेडलिङ्क टेक्निकल ट्रेनिङ्, इन्स्टीच्युट प्रा.लि काठमाडौंले संचालन गर्ने नि:शुल्क ६५ दिने (३९० घण्टे) **कम्प्युटर रिपियर्स** तालिम लिन ईच्छुक व्यक्तिहरूले तल उल्लेखित स्थानमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सहभागी संख्या: ४० जना
तालिम संचालन हुने स्थान: हेटौंडा उपमहानगरपालिका
तालिम दिने संस्थाको सम्पर्क व्यक्ति र ठेगाना
फर्म भर्ने अन्तिम मिति: २०७८/१२/२३ गते
ठेगाना: टि.सि.एन. रोड, हेटौंडा-१०, मकवानपुर
सम्पर्क नं.: ९८५५०७१६१९, ९८४५८८८२०, ९८५५०८६९९९

HETAUDA CITY HOSPITAL PVT.LTD.

Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा

www.sajhakuranews.com

"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना